## अनुसूची २

( दफा ४ तथा अनुसूची -१ को भाग २ सँग सम्वन्धित )

मर्स्याङ्दी गाउँपालिका

# स्थानीय राजपत्र

ण्डाः ....     संख्याः ....     मितिः २०..../..../....

भाग -२

## मर्स्याङ्दी गाउँपालिका

( मर्स्याङ्दी गाउँपालिकावाट मिति २०७९/०३/०७ मा पारित )

मर्स्याङ्दी गाउँपालिका एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि २०७६

**<u>प्रस्तावन</u>**

मर्स्याङ्दी गाउँपालिका अन्तर्गत रहेका एकल पुरुष नागरिक सुरक्षा र लैंगिक समानता सुनिश्चित गर्ने उदेश्यले मर्स्याङ्दी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७४ को दफा ४ बमोजिम मर्स्याङ्दी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधि नाम "एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि,२०७६" रहेको छ ।

२ यो कार्यविधि गाउँ कार्यापालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन गरे पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिः-

क. "एकल विुरुष" भन्नाले आफ्नो पत्नीको मृत्यु पश्चात अर्को विवाह नगरि बसेका पुरुषलाई सम्झनु पर्नेछ ।

ख. "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिका सम्झनु पर्नेछ ।

ग. "कार्यालय" भन्नाले गाउँ कार्यापालिकाको कार्यालय सम्झनु पर्नेछ ।

घ. "वडा कार्यालय भन्नाले गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ ।

ङ. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपध्यक्षलाई सम्झनु पर्नेछ ।

च. "भत्ता" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनु पर्नेछ ।

३. एकल पुरुष भत्ता पाउनेः (१) देहायका बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछः

क. नेपाली नागरिक,

ख. मर्स्याङ्दी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने,

CamScanner

ग. पत्नीको मृत्यु भई अर्को विवाह नगरेको । ६० वर्ष उमेर भई ६८ वर्ष पुरा नभएको ।

४ . **एकल पुरुष भत्ता नपाउनेः** दफा (३) बमोजिम योग्यता पुगेको भएतापनि देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिमको एकल पुरुष भत्ता पाउने छैनः

क. कुनै सरकारी वा सार्वजानिक पदमा नियुक्त, निर्वाचित, मनोनित भएका नागरिक,
ख. सरकारी कोषबाट निवृत्तभरण पाइरहेका नागरिक,
ग. प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिई रहेका नागरिक वा लिने नागरिक ।

**५. भत्ता रकम र वितरणः** (१) एकल पुरुषले मासिक ५००। का दरले भत्ता पाउने छ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धीत वडा कार्यालयबाट भत्ता वितरण गर्ने अधिकारीले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गरिनेछ ।

**६. निवेदक दिनु पर्नेः** (१) दफा (३) बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निवेदन दिनुपर्नेछ ।

२ उपदफा १ बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरि संलग्न गर्नुपर्नेछ ।

क. नागरिकता प्रमाण-पत्र प्रतिलिपी
ख. पत्नीको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपी

३ उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र आवश्यक कारवाही गरि निर्णय गर्नुपर्नेछ ।

४ उपदफा (३) बमोजिम कारवाही गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

३ उपदफा (३) बमोजिमको कारवाही गर्दा एकल पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनु पर्नेछ

**७. परिचयपत्रः** (१) यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसुचि – २ बमोजिम परिचय पत्र दिनु पर्नेछ ।

२ उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैन ।

CamScanner

३ उपदफा (१) बमोजिम प्राप्त भएको परिचय – पत्र हराए वा प्रयोग गर्ने नमिल्ने भएमा रु. १००। प्रतिलिपि दस्तुर संलग्न गरि कार्यालयमा अनुसूची – ३ बमोजिमको निवेदन दिई प्रतिलिपि लिन सकिनेछ ।

**८. अभिलेख राख्नु पर्नेः** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता पाउने नागरिकको विवरण र वितरण गरिएको एकल पुरुष भत्ताको अभिलेख अनुसूची – ४ बमोजिम राख्नु पर्नेछ ।

**९. अभिलेखबाट नाम हटाउनेः** (१) गाउँपालिकाले देहायको आवस्थामा एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछः

क. एकल पुरुषले विवाह गरेमा,

ख. बसाइ सरि अन्यत्र गएमा,

ग. प्रचलित कानून बमोजिम अन्य सुरक्षा भत्ता लिएमा,

घ. मृत्यू भएमा ।

**१०. कसुर र सजायः** (१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछः

क. विवरण ढाँटी एकल पुरुष भत्ता लिएमा,

२ कसैले उपदफा (१) को खण्ड क बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकम असुल गरि निजलाई विगो बराबरको जरिवाना हुनेछ ।

**११. अनुगमन सम्बन्धी व्यवस्थाः** (१) एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता विवरणको अनुगमन उपाध्यक्ष वा निंजले तोकेको गाउँपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

**१२. प्रतिवेदन दिनु पर्नेः** (१) एकल पुरुष भत्ता वितरण गरेको विवरण वडा कार्यालयले चौमासिक रुपमा गाउँपालिमकलाई दिनु पर्नेछ ।

**१३. संशोधनः** (१) गाउँ कार्यापालिका बैठकको निर्णयले यस कार्यविधि गर्न सकिने छ ।

**१४. बाधा अड्काउ फुकाउनेः** (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यापालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

१५. बचाउः (१) यस कार्यविधि लागु हुनु भन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची -२

( दफा ७ को उपदफा १ सँग सम्बन्धित )

### परिचयपत्रको नमुना

स्थानीय सरकार
मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**<u>एकल पुरुष परिचय — पत्र</u>**

परिचय- पत्र नं. ......................

नाम, थर: ..............................

नागरिकता प्रमाण — पत्र नं. ........................

ठेगाना: जिल्ला: लमजुङ मर्स्याङ्दी गाउँपालिका: भुलभुले

वडा नं. ......................... टोल/गाउ: ..........................

जन्म मिति (वि.स) : ......................

बाबुको नाम, थर : ..............................

प्रमाणित गर्ने

दस्ताखत :

नाम, थर :

पद :

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

## अनुसूची १

### एकल पुरुष भत्ताको लागि भर्नु पर्ने निवेदनको ढाँचा।

मिति:.........................

श्री वडा अध्यक्ष ज्यू,
वडा नं. ......, मर्स्याङदी गाउँपालिका,
सुन्दरबजार/भुलभुले,लमजुङ ।

**विषयः सामाजिक सुरक्षा भत्ता उपलब्ध गराई पाउँ ।**

महोदय,

प्रस्तुत विषयको सम्बन्धमा मर्स्याङदी गाउँपालिकाले ६० वर्ष उमेर माथी र ७० वर्ष उमेर नपुगेका (विवाहित वा अविवाहित) एकल पुरुषहरुलाई सम्मान स्वरुप भत्ता दिने निर्णय भएको हुँदै उक्त सामाजिक सुरक्षा भत्ता उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु ।

१. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नाम/ थर.........................................................................

क. जन्म मिति: ..............................................................

ख. ठेगाना: ................गाउँपालिका वडा नं.........टोल: ............लिङ्ग:........वैवाहिक स्थिती: ...........धर्म: ............... जातजाती: ...................

ग. सम्पर्क नं. ........................................

घ. नागरिकता प्रमाणपत्र नं. ...............जारी भएको जिल्ला ............... जारीमिति..........

ङ. बाजेको नाम............................ बाबुको नाम .........................आमाको नाम..........

२. संरक्षक/माथवर/स्याहार सुसार गर्ने व्यक्तिको विवरण आफै उपस्थित हुन नसक्नेको हकमा।

क. नाम / थर ..................................................................

ख. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति सँगको नाता.................................

ग. नागरिकता नं. ..............जारी मिति ...................जारी भएको जिल्ला................

३. **संलग्न कागजातहरु (चिन्ह लगाउने)**

क. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको २ प्रति फोटो

मैले नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्था तथा अन्य कुनै अन्तर्राष्ट्रिय संघ संस्थाबाट मासिक रुपमा तलब भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाएको छैन । व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदनको रेखात्मक सहि छापः**

निवेदक ( सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति / संरक्षक / माथवर / स्याहारसुसार गर्ने व्यक्ति ) कोः-

दस्तखत ........................

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**सम्बन्धित वडा कार्यालयले भर्नेः**

**निवेदको व्यहोरा ठिक छ भनि प्रमाणित गर्ने,**

वडा अध्यक्षको दस्तखतः .................................

नामः ....................................................

नाम दर्ता निर्णय मितिः ............................

सामाजिक सुरक्षा भत्ताको किसिमः ............................

परिचयपत्र नं. .................. सामाजिक सुरक्षा भत्ता पाउन सुरु हुने मितिः ........................

गाउँ कार्यपालिकाको कार्यालयले भर्ने :

विवरण भर्नेको नाम, थर :

पद :

हस्ताक्षर :

भत्ता पाउने सुरु आ. व. २०..../....../.....

कार्यालयको छापः

अनुसूची -३

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

प्रतिपलिपि पाउँ भनि दिने निवेदनको ढाचाँ

मितिः ..............................

श्रीमान् कार्यालय प्रमुख ज्यू
मर्स्याङदी गाउँकार्यपालिकाको कार्यालय
भुलभुले लमजुङ

बिषयः प्रतिलिपि पाउँ भन्ने समब्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष परिचय – पत्र नं. ............. को परिचय – पत्र (हराएको / प्रयोग गर्न निमल्ने भएको) हुनाले एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधिको दफा ७ को उपदफा ३ बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय – पत्र को प्रतिलिपि पाउँ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजातः

१. नागरिताको प्रमाण – पत्रको प्रमाणित प्रतिलिपि ( )
२. एकल पुरुष परिचय – पत्रको प्रमाणित प्रतिलिपि ( )
३. फोटो १ प्रति ( )

(संलग्न गरिएको कागजातमा ✓ लगाउने)

निवेदक
नाम, थर :
हस्ताक्षर :
सम्पर्क नं.

CamScanner

## अनुसूची - ४

(दफा ८ को उपदफा १ संग सम्बन्धित )

एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मूल अभिलेख

गाउँपालिका:- मर्स्याङ्दी गाउँपालिका आ.व. : ................................ किस्ता: ....................................

| सि. नं. | परिचयपत्र नं. | नाम | जन्म मिति वि.स | उमेर | वडा नं. | नागरिता नं. | मासिक भत्ता रकम | जम्मा पाउने रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

## अनुसूची - ४

(दफा ८ को उपदफा २ संग सम्बन्धित)

एकल पुरुष भत्ता सम्बन्धि निवेदनको अभिलेख

गाउँपालिका:- मस्योङ्दी गाउँपालिका आ.व. : ................................ किस्ता: ................................

| सि. नं. | निवेदन नं. | निवेदकको नाम | निवेदन दर्ता मिति | उमेर | जन्म मिति वि.स | नागरिता नं. र जारी मिति | निवेदन उपर कारवाही | निवेदन उपर कारवाही मिता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

CamScanner